# रुपनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रुपनी, सप्तरी
## प्रदेश नं. २, नेपाल

☎ ०३१-४५००३५

प.सः२०७७/०७८

च.नः ८०

मितिः२०७७/०४/२३

श्री वडा कार्यालयहरु सबै
रुपनी गाउँपालिका,ससरी ।

**विषयः नवीकरण सम्बन्धमा**

उपरोक्त सम्बन्धमा तहाँ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको पत्र संख्या ०७६/७७ च. नं. १७१९ मिति २०७७/०३/१५ गतेको प्रास पत्रानुसार सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ अनुरूप सामाजिक सुरक्षा भत्ता प्रास गर्ने लाभग्राहीहरूले चालु आ.ब. मा सामाजिक सुरक्षा भत्ता प्रास गर्न प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि पौष मसान्तभित्र नाम नवीकरणकोलागि निवेदन दिनुपर्ने व्यवस्था रहेकोमा हाल सामाजिक सुरक्षा नियमावली-२०७६ को नियम ९ अनुरुप प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र नवीकरण गर्नुपर्ने साथै सोहि नियमावली को नियम ९ को उपनियम ७ बमोजिम मासिक रुपमा सामाजिक सुरक्षा भत्ता पाउने भएकोले जुनसुकै समुहका सा.सु. भत्ता पाउने योग्य लाभग्राहिले सम्बन्धित वडामा निवेदन दर्ता भएको महिनाको अर्को महिना देखि सा.सु भत्ता पाउने भएकोले समयमा नै सा.सु. भत्ता प्रास गर्न तपसिल बमोजिमका कागजात सहित निवेदन दर्ता गर्न गराउन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

<u>तपसिल</u>

<u>नाम दर्ताको लागि चाहिने आवश्यक कागजातहरुः</u>

१) सबै लाभग्राहीहरुको हकमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो थान-२
२) बालबालिका वाहेक सबै लाभग्राहीहरुको नागरिकताको प्रतिलिपी थान -१
३) बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी थान -१
४) ६० बर्ष माथिका एकल महिलाहरुको हकमा अविवाहित प्रमाणीत पत्रको प्रतिलिपि थान -१
५) विधिवा महिलाको लागि पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी थान-१
६) क र ख वर्गका अपाङ्गहरुको हकमा परिचय पत्रको प्रतिलिपी थान-१

नवीकरणका लागिः

१) सम्बन्धि व्यक्ति स्वयम् उपस्थीत भई नागरिकताको प्रतिलिपी संलग्न गरि आमाको नाम समेत अनिवार्य खुलाई तोकीएको ढाँचाको निवेदन पेश गर्नुपर्ने छ।
२) वडाले जाँचबुझ गरी परिचयपत्र नवीकारण गरी दिनु पर्ने हुदाँ प्रत्येक लाभग्राहिले परिचय-पत्र अनिवार्यरुपमा ल्याउनु पर्नेछ।

..............................
ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

🌐 : www.rupanimun.gov.np
✉ : info@rupanimun.gov.np

"नतिजामुखी प्रशासन, समृद्धी र सुशासन"
"सुन्दर, सुशासित, संमृद्ध रुपनी, साकार पार्न अग्रसर छु म पनि